# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:७ संख्या: १ मिति:२०८०/०१/२६**


**भाग २**

माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको माण्डवी गाउँपालिकाको निजी शिक्षक व्यवस्थापन मापदण्ड २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८० सालको मापदण्ड नं. १

## निजी शिक्षक व्यवस्थापन मापदण्ड २०८०

## निजी शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड २०८०

शैक्षिक संस्था सुदृढीकरण तथा गुणस्तर अभिवृद्धी अनुदान कार्यविधि २०७९ बमोजिम गठित कार्यदलले दिएको सुझाव समेतका आधारमा शिक्षा समितिको मिति २०८०।०१।०४ को निर्णयानुसार विद्यालयहरुमा कायम भएका व्यवस्थापन गर्नुपर्ने निजि शिक्षकहरुलाई परिक्षा संचालन गर्न आवश्यक मापदण्ड गाँउ कार्यपालिकावाट स्वीकृत भई लागु गरिएको छ ।

विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान गरी निजी शिक्षकहरुलाई गाउँपालिका अनुदान अन्तर्गत कायम गर्ने र हाल कार्यरत शिक्षकहरु मध्येबाट आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रणालीबाट देहाय अनुसारको प्रकृया अबलम्बन गरी छनौट गर्ने ।

. मुल्याङ्कन पद्धति सम्बन्धी व्यवस्था

क).शैक्षिक योग्यता: आधारभूत तहमा (न्युनतम योग्यता १०+२ उत्तिर्ण) अधिकतम ३ अङ्क न्यूनतम भए २ अक र माथिल्लो भए ३अङ्क

ख) शिक्षण अध्यापन अनुमति पत्र अधिकतम अंक २

ग) शिक्षण कार्य अनुभव : अधिकतम ५

बार्षिक ० दशमलव ५, बर्ष पुरा नभएकाहरुको हकमा दामाशाहीले गर्ने ।

उपरोक्त शिक्षक पदमा उम्मेदवार छनोट गर्न देहाय बमोजिमको परीक्षा लिइनेछ ।

परीक्षाको किसिम सम्बन्धी व्यबस्था

क) लिखित परीक्षाको प्रथम पत्र पूर्णाङ्क - वस्तुगत २०

ख) लिखित परीक्षाको द्वितीय पत्र पूर्णाङ्क - विषयगत ५०

ग) अन्तरवार्ताको पूर्णाङ्क - २०

घ) आवश्यक परेमा प्रयोगात्मक परीक्षा लिन सकिनेछ।

७.छनोट समिति सम्बन्धी व्यवस्था

गाउँपालिकाले आन्तरिक श्रोतबाट भर्ना गर्ने निजीशिक्षकको हकमा देहाय बमोजिमको शिक्षक एवं कर्मचारी छनौट समितिबाट छनौट गर्नेछ ।

क) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपलिकाको अधिकृत स्तरको कर्मचारी : संयोजक

ख) परीक्षा समितिले विषयगत मिल्ने गरी छनोट गरेका विज्ञहरु : सदस्य

ग) गाउँपालिका शिक्षा शाखा प्रमुख वा सो अनुपस्थित भएका प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारीः सदस्य-सचिव

८ **छनोट परीक्षाको पाठ्यक्रम सम्बन्धी व्यवस्था:** लिखित परीक्षाको पाठ्यक्रम  माण्डवी गाउँपालिकाले तयार पारेको पाठयक्रम अनुसार हुनेछ । पुणाङ्कहरु वस्तुगतको २० र विषयगतको ५० हुनेछ ।

९.परीक्षाको सचिवालय सम्बन्धी व्यवस्थाःपरीक्षा केन्द्रको सचिवालय गाउँपालिकाको कार्यलयमा रहने छ ।

१०. विषय विज्ञ सम्बन्धी व्यवस्थाः. गाउँपालिकाले विषय विज्ञ तोक्दा गाउँपालिका भित्रका विषय विज्ञहरुको सूची तयार गरी सो सूचीमा भएका विषय विज्ञहरुलाई परीक्षा संचालनका समयमा गोला पर्थाद्धार छनोट गरी  आमन्त्रण गर्न सक्ने छ ।

११. उल्लेखित अनुसार छनौट भएका शिक्षकहरुलाई गाँउपालिका अनुदान अन्तरगतका शिक्षक अन्तरगत कायम गरिनेछ ।

आज्ञाले
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

मापदण्ड स्वीकृत मितिः २०८०।०१।२६

प्रमाणीकरण मिति: २०८०/०१/२६

आज्ञाले,
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत